# शान्तिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चिराघाट, दाङ

पं. स. ०७९/८०  स्था. २०७३
च. नं. १३४२

लुम्बिनी प्रदेश, नेपाल

मिति:- २०७९/१०/१९

श्री १ नं. वडा कार्यालय
शान्तिनगर गाउँपालिका, दाङ

विषय – सुचना पठाईएको सम्वन्धमा ।

प्रस्तुत विषयमा शान्तिनगर गाउँपालिका गाउँकार्यपालिको कार्यालय चिराघाट दाङ बाट मिति २०७९/१०/१९ गते प्रकाशित **बान्द्रेखोला कृषक समुह बालि उत्पादन कार्यक्रम शान्तिनगर १** को प्रस्तावना आह्वान सम्वन्धि सुचन ,अनुसुचि ३४ को निवेदनको ढाँचा , अनुसुचि ३६ को ब्यबसायिक योजनाको ढाँचा रअनुसुचि ७ स्वघोषणा पत्र यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। सुचना ताहाँ कार्यालयको सुचना पाटीमा टासँ गरी सोको जानकारी पठाइदिनुहुन अनुरोध छ ।

...............

डिल्ली खडका
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

१.श्री सुचना प्रविधि शाखा – सुचना website मा राखिदिनुहुन तथा वडा कार्यालयलाइ जानकारी दिनुहुन ।

२. बान्द्रेखोला कृषक समुह , शान्तिनगर १

# शान्तिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चिराघाट, दाङ

पं. स. ०७९/८० स्था. २०७३

च. नं. लुम्बिनी प्रदेश, नेपाल

### प्रस्तावना आह्वान सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१०/१९ )

शान्तिनगर गाउँपालिकाको आ. व. ०७९/ ०८० को वार्षिक स्विकृत कार्यक्रम अनुसार **बान्द्रेखोला कृषक समुह बालि उत्पादन कार्यक्रम शान्तिनगर १** मा कार्यक्रम संचालन गर्नुपर्ने भयकोले बान्द्रेखोला कृषक समुह शान्तिनगर १ का इच्छुक कृषकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिन(२०७९ फागुन ५) भित्र तपसिलको कागजात सहित कृषि शाखामा प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ। प्रस्ताब साथ पेश गर्नुपर्ने निबेदनको ढाँचा , ब्यबसायिक योजना ,संलग्न गर्नुपर्ने कागजात र कृषि तथा पशुपंक्षि संचालन कार्यविधि२०७९ यस कार्यालयको सुचना पाटी ,बेबसाइट तथा कृषि शाखा वा वडा नं १ को कार्यालयबाट प्राप्त गर्न सिकनेछ । तोकियको कार्यक्षेत्र:– **बान्द्रेखोला कृषक समुह शान्तिनगर १**

**स्विकृत बजेट रकम( रु १० लाख)**

| कार्यक्रमको नाम | मापदण्ड | कार्यक्रममा संचालन गर्न सकिने बालिबस्तु तथा क्रियाकलाप | अनुदान सिमा |
|---|---|---|---|
| बालि उत्पादन कार्यक्रम | सामुहिक वा एकल रुपमा अदुवा बेसार न्युनतम ३ हे. (४.५) विगाहा खेति गर्नुपर्ने , बदाम ३ विगाहा, मौरी गोला सहित थप घार २०० घार ,फलफुल ३ हे. (४.५) विगाहा, प्लाष्टिक घरमा खेति मल्चिङसिहत न्युनतम ३०० वर्गमिटर मा खेति गर्नुपर्ने | बालि तथा बस्तुको खेति सम्बन्धि उत्पादन सामाग्री ,उपकरणहरु,प्रशोधन सामाग्री,पुर्वाधार सुधार निर्माण सम्बन्धि क्रियाकलाप | *अधिकतम अनुदान सिमादर अदुवा/बेसार खेति रु १.५ लाख,बदाम ७५ हजार प्रतिहेक्टर,मौरी १ लाख प्रति ५० गोला सहित,फलफुल १ लाख प्रतिहेक्टर, प्लाष्टिक घरमा खेति १ लाख प्रति ३०० वर्गमिटर<br>* यन्त्र उपकरण,उत्पादन सामाग्री ५० प्रतिशत,<br>* विउविजन र पुर्वाधार निर्माणको हकमा ७५ प्रतिशत<br>*कुल अनुदान रकमको बढिमा ५ प्रतिशत रकम प्राविधिक सेवा टेवा तथा क्षमता विकास |

**संलग्न गर्नुपर्ने कागजातहरु :–**

१ निवेदन (अनुसुचि ३४ अनुसारको ढाँचामा )
२.सम्बन्धित वडा कार्यालयको सिफारिस
३. कृषक समुह दर्ता प्रमाण पत्रको प्रतिलिपि सहित अनुदान माग गरेको निर्णय प्रतिलिपी थान १
४. प्रस्ताबकको नागरिकताको प्रतिलिपि थान १
५. कृषक समुहको स्थाइ लेखा( पान) न र करचुक्ता प्रतिलिपी थान १
६. ब्यबसायिक कार्ययोजना सहितको प्रस्ताब ( अनुसुची ३७ बमोजिम )थान १
७.जग्गाधनी पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिइ कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको करार पत्र
८.निर्माण गरिने पुर्वाधारहरुको हकमा लागत अनुमान तथा नक्सा

.............

डिल्ली खडका